बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

**खण्ड ४ बर्ष ४ अंक ८ मिति : कार्तिक २५ गते २०७७**

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग -२

# घुम्ती मिल तथा पुरानो कपडाहरूबाट सिरक /डसना बनाउने सम्बन्धी कार्य व्यवस्थित गर्न बनेको कार्यविधि २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०७।१९**

**प्रस्तावनाः**

नगरवासीलाई सहज रूपमा कुटानी /पिसानी सेवा उपलब्ध गराउने प्रयोजन तथा घुम्ती कुटानी / पिसानी मिल व्यवस्थापन तथा सिरक/डसना बनाउने कार्य सञ्चालन मार्फत स्व-उद्यम गर्न चाहने व्यवसायीक व्यक्तिहरूलाई व्यवसायिक, सामाजिक मर्यादा कायम गराउने प्रयोजनका लागि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि सिफारिस दर्ता नियमन र सञ्चालन गर्न सक्ने गरी स्थानीय सरकार सञ्चालन ऐन को दफा ११ को उपदफा (ण) अनुरूप तथा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ अनुरूप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि पारित गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**१. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः-

क) "ऐन " भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) " नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिकालाई सम्झनु पर्दछ।

ग) " कार्यालय" भन्नाले नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

घ) " प्रमुख" भन्नाले बुद्धभूमि नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ङ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

च) " कार्यविधि" भन्नाले घुम्ती मिल तथा पुराना कपडाहरूबाट सिरक डसना बनाउने सम्बन्धी कार्य सञ्चालन सम्बन्धी कार्यविधि २०७७ लाई सम्झनु पर्दछ।

छ) " वडा" भन्नाले वडा कार्यालयलाई जनाउने छ।

**२. सञ्चालन सम्बन्धी मापदण्डः**

क) वडाको क्षेत्रभित्र मात्र सञ्चालन गर्ने गरी निवेदन पेश भएको हकमा तोकिएको दस्तुर वा नवीकरण दस्तुर लिई वडा कार्यालयबाट सर्जमिन मुचुल्का समेत गराई अनुमति /नवीकरण गर्न सकिने छ।

ख) नगर क्षेत्रमा पनि घुमीफिरी सञ्चालन गर्ने गरी अनुमति माग भएको हकमा सम्बन्धित व्यक्तिको स्थायी बसोबास भएको वडाको सिफारिस तथा सम्बन्धित वडाको सर्जमिन मुचुल्का सहित

नगरपालिकामा निवेदन पेश गनुपर्नेछ ।

ग) घुम्ती मिल / सिरक डसना बनाउने कार्य सञ्चालनका लागि वडा क्षेत्रभित्र मात्र सञ्चालन गर्ने गरी अनुमति माग भएमा पालना गर्ने शर्तहरूमा कबुलित गरी दर्ता शुल्क रू. २०००।- र वार्षिक नवीकरण शुल्क शर्तहरू पालना भएको यकिन गरी रू. १०००।- लिई दर्ता/ नवीकरण गरिने छ ।

घ) नगरपालिका स्तरमा सञ्चालन गर्ने भएमा वडा कार्यालयले सिफारिस दस्तुर लिई सिफारिस सहित नगरपालिकामा आवश्यक कारबाहीका लागि पठाउनु पर्नेछ र नगरपालिकाले पालिका भरका लागि अनुमति दिँदा दर्ता शुल्क रू. ५०००।- र वार्षिक नवीकरण शुल्क रू. २०००।- रुपैयाँ लिई दर्ता तथा नवीकरण गर्न सक्नेछ ।

ङ) घुम्ती मिल/ सिरक डसना दर्ता गर्दा देहायका शर्तहरू पालना गर्ने गरी कबुलित व्यवसायीबाट गरी / गराई मात्र दर्ता तथा नवीकरण गरिनेछ ।

अ) सार्वजनिक गतिविधिमा अवरोध नपुग्ने गरी खुल्ला स्थानहरू चौर तथा व्यक्तिको जग्गामा भए निजको अनुमतिमा खेत, खलियान आदि ।

आ) विद्यालय/कार्यालयहरूको कामकारबाहीमा अवरोध नपुग्ने स्थान,

इ) वस्ति भन्दा बाहिर,

ई) सांस्कृतिक तथा धार्मिक स्थल भन्दा ५०० मिटर पर

उ) राष्ट्रिय तथा सामुदायिक बन भन्दा अलग्गै

ऊ) घुम्ती मिल/ सिरक डसना बाट निस्कने वस्तुहरूको उचित व्यवस्थापन गर्नुका साथै एकै स्थानमा एक हप्ता भन्दा बढी समयसम्म राख्न पाइनेछैन ।

च) वार्षिक नवीकरण गर्दा वडा क्षेत्रभित्र सञ्चालन गर्ने गरी अनुमति लिएको हकमा तथा तोकिएका शर्तहरू पालना गरी सञ्चालन गरेको पाईएमा वडा समितिको सिफारिसमा वडा कार्यालयबाट नवीकरण तथा नगर क्षेत्रको हकमा कार्यपालिकाको सिफारिसमा नगरपालिकाबाट नवीकरण गरिनेछ ।

## ४. घुम्ती मिल / सिरक डसना संख्या नियमन तथा अन्य प्रबन्ध सम्बन्धमाः

क) कार्य सहजताका साथै, अनुगमन, नियमन तथा व्यवस्थापन सहजीकरणका लागि वडामा सञ्चालन गर्ने गरी सिफारिस माग भएमा प्रति वडा ५ वटा तथा नगर भरीमा सञ्चालन गर्नेको हकमा हालका लागि १० वटा सम्मको अनुमति दिन सकिनेछ । आवश्यकता, औचित्यताका साथै व्यवस्थापन सहजता महसुस भएमा कार्यपालिकाले संख्यामा पुर्नविचार

गर्न सक्नेछ । निवेदकका लागि एक हप्ताको समयावधि राखी नगरपालिका भरका लागि सूचना प्रकाशन गर्न सकिनेछ ।

ख) तोकिएको शर्तहरूको पालना नभएमा दर्ता खारेज गर्न सक्ने अधिकार वडा समिति तथा कार्यपालिकामा रहने छ ।

ग) कार्यविधि संशोधन परिमार्जन गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

घ) दर्ता प्रमाण पत्र, दर्ता किताब, नवीकरण लगायतका व्यवस्थापकीय प्रबन्ध नगरपालिकाले तोके बमोजिम हुनेछ ।

ङ) घुम्ती मिल / सिरक डसना को व्यवस्थापनका लागि उपप्रमुख, प्रशासन शाखा प्रमुख तथा नगरपालिकाको पाँचौस्तरको प्राविधिक वा प्रतिनिधि कर्मचारी सम्मिलित समिति रहनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# संसोधन गरिएको

संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७, मिति २०७७।४।३२ मा कार्यपालिकाबाट स्वीकृत भई मिति २०७७।६।३ मा राजपत्रमा प्रकाशन भएकोमा उक्त कार्यविधिको प्रस्तावनामा बुद्धभूमि नगरपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरु पछि व्यवसायीक संघ संस्था थप गर्ने साथै परिभाषा दुई को (च) मा "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक विकास,पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्ययन केन्द्र पछि व्यवसायी संघ संस्था भन्ने थप गरी राजपत्रमा प्रकाशन गरी कार्यविधिको मुख्य अंग बनाउने ।

संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ को कार्यान्वयन सरलीकरणका लागि देहाय अनुरूप अनुसूची रहने गरी मूल कार्यविधिको अंगका रूपमा रहने।

## अनुसूची-१
### (दफा ४ संग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बुद्धभूमि नगरपालिका,कपिलवस्तु ।

महोदय,

हामीले............................................. सम्बन्धित संस्था खोल्न चाहेकोले बुद्धभूमि नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धि कार्यविधि २०७७ बमोजिम संस्था दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं । प्रस्तावित संस्थाको विधानको २ प्रति यसै साथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

विवरण

१) संस्थाको नाम :-

२) कार्यालयको ठेगाना :-

३) संस्थाको उद्देश्यहरू :-

क)

ख)

ग)

४) समितिका सदस्यहरूको विवरण :-

| नाम :- | ठेगाना : | पेशा | फोन नं. | ईमेल नं. |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |

५) आर्थिक स्रोत :-

भवदीय
नाम :
हस्ताक्षर :
मिति :

## अनुसूची-२

### (दफा ४ को उपदफा (६) संग सम्बन्धित)

### संस्था दर्ता प्रमाण पत्र

श्री अध्यक्ष/ सचिव

बुद्धभूमि................कपिलवस्तु ।

............................................ संस्था,संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ को दफा ............... बमोजिम.................................साल.................महिना..........गतेमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

सही :

नाम :

दर्जा :

**नविकरण**

| नविकरण मिति | दर्ता प्रमाण पत्र बहाल रहने अवधि | नविकरण दस्तुर | रसिद नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-३
## (दफा ४ को उपदफा (६) संग सम्बन्धित)

**संस्था दर्ता किताब**

| क्र.स. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम | ठेगाना | संस्थाको उदेश्य | पदाधिकारीको नाम र ठेगाना | पेश गर्ने | प्रमाणित गर्ने | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत